कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१ (सूचना प्रविधि शाखा)

चलानी नं. २०९



मिति :- २०८०-०५-०३ गते

**विषय :- सूचना टाँस गरिदिने सम्बन्धी सूचना ।**

श्री ७ वटै वडा कार्यालयहरु
कचनकवल, झापा

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, झापाको च.नं. १८०३, मिति २०८०/०४/३२ को प्राप्त पत्रानुसार हज यात्राको लागि सूचना सम्बन्धित सबैलाई जानकारीका लागि सूचना टाँसको व्यवस्था गरीदिनु हुन व्यहोरा अनुरोध छ ।

०८०।०५।०३

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-

**श्री सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका, झापा (सबै वडा कार्यालयहरुलाई इमेल गरिदिनुहुन साथै Website तथा Facebook Page मा अपलोड गरिदिनु हुन ।)**

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समिति

सिंहदरबार, काठमाडौं

# सन् २०२४ को हज यात्राको लागि सूचना

**प्रकाशित मिति २०८० श्रावण ३० गते**

सन् २०२४ (हज १४४५) का लागि नेपालबाट १२०० जना इस्लाम धर्मावलम्वीहरूले हज गर्न सक्ने गरी साउदी अरब सरकारबाट कोटा निर्धारण भइआएको छ । उक्त कोटा भित्र यस समितिले आवेदनको संख्या अनुसार तय गर्ने कोटाभित्र रहने गरी हज गर्न इच्छुक नेपाली मुस्लिम धर्मावलम्वीहरूले नेपाल हज समितिको सचिवालयको वेव साइट nepalhajj.moha.gov.np मा रहेको हज आवेदन फारम Download गरी आफ्नो स्थायी ठेगाना रहेको जिल्ला प्रशासन कार्यालयमा पहिलो किस्ता वापत रू.१,५०,०००।- (अक्षेरूपी एक लाख पचास हजार मात्र) बुझाई मिति २०८० श्रावण ३० गते देखी मिति २०८० असोज ३० गते (तद् अनुसार १५ अगष्ट देखि १७ अक्टोबर, २०२३) भित्र निम्न कागजातहरू संलग्न राखी आवेदन गर्नुहुन यो सूचना प्रकाशन गरीएको छ ।

**आबेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः**

१. नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपि -१ प्रति

२. राहदानी (MRP वा e-passport) को फोटोकपि -१ प्रति

(राहदानी वाहकको पूर्ण विवरणः नाम, ठेगाना, जन्म मिति, लिङ्ग (महिला/पूरुष) तथा कार्यालयको छाप र हस्ताक्षर ठिक भए नभएको एकिन भएको र पासपोर्टको म्याद सकिने मिति सन् २०२४ डिसेम्वर ३० भन्दा पछि सम्म कायम रहेको ।

३. हज शुल्क वापत पहिलो किस्तामा राष्ट्रिय वाणिज्य बैंक सिंहदरवार शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं.११३०१००००३९६००१ मा रू.१,५०,०००(एक लाख,पचास हजार मात्र) बुझाएको सक्कल भौचर -१ प्रति

४. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (सेतो ब्याकग्राउण्डमा खिचेको) - २ प्रति

५. Covid-19 विरूद्ध पूर्ण खोप लगाएको प्रमाणपत्र - १ प्रति

६. आवेदकको बैंक खाताको चेकको फोटोकपि (श्रीमान् श्रीमतीको एकै भए हुने) - १ प्रति

**थप जानकारीको लागि नेपाल हज समितिको सचिवालय, सिंहदरवारको सम्पर्क फोन नं ०१-४२११९०४/७२ वा इमेल ठेगानाः nepalhaj@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ ।**

मकवुल मियाँ

कार्यवाहक अध्यक्ष